# संघीय संसद
# प्रतिनिधि सभा

**नवौं अधिवेशन**

**बैठक संख्या - ५**

## दैनिक कार्यसूची

२०७८ भदौ २९ गते

**मंगलबार**

दिनको १:०० बजे

**व्यवस्थापन कार्य**

१. मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "विनियोजन विधेयक, २०७८ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

**शोक प्रस्ताव**

२. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुने :-

(क) "प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा राष्ट्रिय सभामा मनोनीत सदस्य, हाल नेपाली काँग्रेस पार्टीका नेता, भारतका लागि नेपाली राजदूत, नेपालको आर्थिक एवम् औद्यौगिक विकास, कुटनीतिक र खेलकूद क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका, शालीन एवम् भद्र व्यक्तित्वको रूपमा परिचित रूक्म शमशेर ज.ब.रा.को ८६ वर्षको उमेरमा मिति २०७८ साल भदौ २६ गते शनिबार उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट समानुपातिक सदस्यमा निर्वाचित, सरल र मिलनसार एवम् निष्ठावान राजनीतिज्ञको रूपमा परिचित नेता मानबहादुर महतोको ७२ वर्षको उमेरमा मिति २०७८ साल भदौ २७ गते आइतबार उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

डा. भरतराज गौतम
संघीय संसदको महासचिव